आज मिति २०७७ साल पौष २६ गते विहान ११:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: ~~नर बहादुर चौधरी~~ रेशम राज पाण्डेय वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८ | | श्री: सुक बहादुर गुरुंग    वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या    प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव (प्रा) |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२. | | श्री भरत लम्साल | भेटेनरी अधिकृत |
| ३३ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |

१. नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा
२. वहुक्षेत्रिय पोषण कार्ययोजना सम्बन्धमा
३. घ वर्ग निर्माण व्यावसायी इजाजत सम्बन्धमा
४. भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अन्यबस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम इकाई तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा
५. नगरसभा सम्बन्धमा
६. विविध

निर्णय नं १ः चालु आ.व.मा यस नगरपालिका अन्तरगत रहेका वडा नं २ मा रहेको गँगटी खोला र वडा नं ५, १४ र १६ अन्तरगत पर्ने खजुरा खोलाहरूको IEE प्रतिवेदन तयार गरी विगत आ.व. ०७६/०७७ मा भएको बन्दाबन्दीको समयावधि र गत वर्षको सम्झौता तथा IEE प्रतिवेदन समेतको आधारमा सम्बन्धित व्यावसायीहरूले नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा निकाशी गर्न पाउने कार्य (दिन) अवधि र परिमाण के कति हो, त्यसको प्राविधिक विश्लेषण गरी आउने परिमाण (Quantity) वरावरको नदिजन्य पदार्थको स्टक प्रमाणित गरे पश्चात मात्र तोकिएको परिमाण (Quantity) विक्रि वितरण गर्न पाउने व्यवस्था मिलाउने सम्बन्धमा मिति ०७७/५/२६ मा भएको निर्णय बमोजिम अनुगमन समिति तथा प्राविधिक समितिबाट देहायबमोजिमको सिफारिस पेश भै आएकोले सो सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) चालु आ.व. मा गरिएको खजुरा खोलाको IEE Report मा खोलाको विभिन्न ४ वटा खण्डहरूबाट वार्षिक रूपमा ७,८४,५८० क्यू. फि.ट उत्खनन् गर्न मिल्ने परिमाण उल्लेख भएको मध्ये प्रतिवेदनको उत्खनन् क्षेत्र नं १ र उत्खनन् क्षेत्र नं २ क्रमशः २८८० र ३७८० समेत गरी जम्मा ६०६० घ.मि (२,३५,१८७.क्यू. फिट) उत्खनन् गर्न मिल्ने भनी उल्लेख देखिन्छ । प्राविधिक समिति तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम गत वर्ष २,००,५१६।१८ क्यु.फिट उत्खनन गर्ने समय प्रभावित भएको देखिएकोले उक्त तोकिएको क्षेत्रबाट ५१ दिन भित्र नदिजन्य पदार्थ उत्खनन् गरी २,००,५१६।१८ क्यु.फिट स्टक प्रमाणित गरी क्षतिपूर्ति स्वरूप पुस्पाञ्जली कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई उपलब्ध गराई बाँकी रहेको स्टक तथा उत्खनन् क्षेत्र नं ३ र उत्खनन् क्षेत्र नं ४ मा तोकिएको परिमाणको ठेक्का बन्दोवस्त गर्न अग्रिम कारवाही अगाडी वढाउने निर्णय गरियो ।

(ख) चालु आ.व. मा गरिएको गँगटी खोलाको IEE Report मा नगर क्षेत्र भित्र पर्ने खोलाको विभिन्न ४ वटा खण्डहरूबाट वार्षिक रूपमा १६,४०२ घ.मी. (५,७८,२१० क्यू. फि.ट) उत्खनन् गर्न मिल्ने परिमाण उल्लेख भएको देखिन्छ । प्राविधिक समिति तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम गत वर्ष ६,४२,७८२।८ क्यु.फिट उत्खनन गर्ने समय प्रभावित भएको देखिएकोले उक्त तोकिएको क्षेत्रबाट र प्राविधिक शाखाबाट गत वर्षको बाँकी रहेको स्टक नाप जाँच गर्दा देखिएको परिमाण २४,७१७ क्यु.फिट समेत स्टक प्रमाणित गरी क्षतिपूर्ति स्वरूप नवप्रतिभा कन्स्ट्रक्सनलाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं २ः
वहुक्षेत्रिय पोषण योजना कार्यान्वयन गर्ने सन्दर्भमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आ.व.मा प्राप्त अख्तियारी बमोजिम रू ३१,४९,०००।०० र समपुरक कोष तर्फबाट रू ५,७४,०००।०० समेत गरी जम्मा रू ३७,२३,०००।०० को वहुक्षेत्रिय पोषण निर्देशन समितिबाट सिफारिस भै आए बमोजिमको तपसिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| सि. नं. | मुख्य क्रियाकलाप | इकाई | लक्ष | प्रति इकाई बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | **नीति, योजना तथा स्थानीय विकास** | | | | |
| १ | नगर स्तरीय वहुक्षेत्रिय पोषण समितिको नियमित वैठक सञ्चालन गर्ने (कार्यदल समेत) | पटक | २ | ३५००० | ७०००० |
| २ | वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालकको पारिश्रमिक | पटक | ८ | २०००० | १६०००० |
| ३ | बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको नियमित रूपमा संयुक्त अनुगमन गर्ने | पटक | १ | ३०००० | ३०००० |
| ४ | वडा समितिका पदाधिकारी, वहुक्षेत्रिय पोषण योजना वडा स्तरिय समिति, महिला स्वास्थ्य स्वयंसेविक, आमा समूह तथा अन्य उपभोक्ता समूहलाई पोषणको क्षेत्रमा परिचालन गर्न १ दिने तालिम दिने | पटक | १६ | ३५००० | ५६०००० |
| | जम्मा | | | | ८२०००० |
| २ | **पशुपन्छी विकास क्षेत्र** | | | | |
| १ | समुदायलाई पशुपालन, पँक्षीजन्य उत्पादन, उपयोग तथा प्रशोधनसम्बन्धी तथा दुधका परिकार वनाउने तालीम दिने | सँखया | ४ | ३५००० | १४०००० |
| २ | कुखुराको चल्ला ढुवानी, भ्याक्सिन तथा औषधी खर्च | पटक | १ | | २५००० |
| ३ | कुखुराको चल्ला वितरण (२४० परिवारलाई ५ वटा चल्लाको दरले) | सँखया | २४० | १५० | १८०००० |
| | जम्मा | | | | ३४५००० |
| ३ | **महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र** | | | | |
| १ | लैगिक तथा घरेलु हिंशा निवारण तथा सुनौलो हजार दिनको विषयमा श्रीमान श्रीमति तथा सासुबुहारी अन्तरक्रिया कार्यक्रम | पटक | ५ | ३५००० | १७५००० |
| २ | सुनौला हजार दिनका महिला तथा किशोरीहरुलाई प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवन उपयोगी सीप र लैंगिक समता सम्बन्धी अनुशिक्षण तालिम | पटक | ५ | ३५००० | १७५००० |
| | जम्मा | | | | ३५०००० |
| ४ | **कृषि विकास क्षेत्र** | | | | |
| १ | करेसाबारी निर्माण गर्न घरपविारलाई प्रोत्साहन गर्ने | परिवार | २४० | ३०० | ७२००० |
| २ | करेशावारी प्रवर्द्धन, पोषणयुक्त खाद्य सामग्री उत्पादन गर्न तथा जैविक कृषि विधि जस्तै जैविक मल वा जैविक विषादीको विषयमा कृषकहरूको क्षमता विकास गर्ने | स्थान | ५ | ३५००० | १७५००० |
| | जम्मा | | | | २४७००० |
| ५ | **शिक्षा क्षेत्र** | | | | |
| १ | शैक्षिब बाल विकास केन्द्रका लागि सामाग्री खरिद | विद्यालय | ३५ | | ३००००० |
| | | | | | ३००००० |
| ६ | **श्वास्थ्य क्षेत्र** | | | | |
| १ | गर्भवति, सुत्केरी, स्तनपान गराइरहेको महिला तथा शिसुलाई दैनिका आहारमा विविध पोषण वारे व्यवाहार परिवर्तन सम्बन्धी अभिमुखीकरण | स्थान | १० | ३५००० | ३५०००० |
| २ | किशोर तथा किसोरीहरुको लागि **Early Marriage, Early Pregency** रोकथाम । सम्बन्धी अभिमुखीकरण | स्थान | ४ | ३५००० | १४०००० |
| | जम्मा | | | | ४९०००० |
| ७ | **खानेपानी तथा सरसफाइ क्षेत्र** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विद्यालय खानेपानी | वटा | ३५ | २००० | २००००० |
| | | | | | २००००० |
| ८ | पोषण विशेष कार्यक्रम (स्वास्थ्य क्षेत्र सञ्चालन) | | | | १७१००० |
| ९ | पोषण सुधारको लागि विद्यालय खानेपानी | | | | ८००००० |
| कूल जम्मा | | | | | ३७२३००० |

नि.नं ३ः प्राविधिक समितिको मिति ०७७/९/२१ वैठकबाट मा जाँचबुझ गरिएको "घ"वर्गको निर्माण व्यवसायी ईजाजतपत्रका लागि प्राप्त निवेदन सन्दर्भमा तपसिल वमोजिमको व्यावसायीबाट निवेदन साथ पेश गरिएका कागजातहरू बर्दघाट नगरपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ को दफा २ को उपदफा (२) अनुसूचि-५ वमोजिम तोकिएका मापदण्ड पुरा गरी ईजाजत पत्र प्रदान गर्न उपयूक्त देखिएकोले आवश्यक निर्णयको लागि यस वैठक समक्ष पेश हुन आएकोले तपसिलमा उल्लेखित फर्मलाई "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | फर्मको नाम, ठेगाना | प्रोप्राईटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | मानुसी कन्सूक्सन एण्ड सप्लायर्स प्रा.लि.<br>बर्दघाट, ९ | जीवन श्रेष्ठ | |

नि.नं ४ः

भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अन्यबस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ एवं सुकुम्वासी समस्या सामाधान आयोग र यस नगरपालिका विच भएको सम्झौता बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अन्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने लगायतका कार्य गर्नको लागि कार्यविधि बमोजिमका कर्मचारी व्यवस्थापन तथा अन्य कार्यालय सामाग्री खरिद तथा यस सम्बन्धी व्यवस्थापन गर्न आवश्यक बजेट छैंटौ नगरसभाबाट विनियोजन नभएको तर यथाशिघ्र कर्मचारी सेवा करारमा लिने लगायतका पूर्व तयारीका कार्यहरू गर्नुपर्ने भएकोले सि.नं ४६६ मा फिर्ता खर्च नदिजन्य पदार्थ आय ठेक्का शिर्षकमा विनियोजन भएको रू १,००,००,०००।०० मध्येबाट यस सम्बन्धी समग्र व्यवस्थापनमा खर्च गर्नको लागि आगामी नगरसभाबाट बजेट रकमान्तरको लागि सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं ५ः यस नगरपालिकाको सातौं नगरसभा बैठक मिति ०७७/१०/२९ गते बस्ने निर्णय गरियो ।

निर्णय नं ६.१ः दुध चिस्यान केन्द्र स्थापनाको लागि चालु आ.व.मा २०,००,०००।०० विनियोजन भएकोमा मिति ०७७/९/१ र ०७७/९/१६ मा कार्यालयबाट प्रकाशित यस सम्बन्धी सूचना अनुसार श्री साना किसान कृषि सहकारी संस्था लि.,बर्दघाट ९, भानुनगरको दरखास्त पेश हुन आएकोले उक्त प्रस्ताव स्वीकृत गरी दुध चिस्यान स्थापना सम्बन्धी अग्रीम कारवाही अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ६.२ः

| क.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०४।०७७-०७८ | सर्भेक्षक | सहायक पाँचौ | ईन्जिनियरिङ्ग | सर्भे | २ |
| २. | ०५।०७७-०७८ | अमिन | सहायक चौथो | ईन्जिनियरिङ्ग | सर्भे | १ |
| ३. | ०६।०७७-०७८ | तथ्याङ्क संकलक | सहायक चौथो | आ.यो.त. | | ७ |
| ४. | ०७।०७७-०७८ | लगत प्रविष्ट कर्ता ( सहायक कम्प्युटर अपरेटर) | सहायक चौथो | विविध | | ३ |
| ५ | ०८।०७७-०७८ | सामाजिक परिचालक | सहायक चौथो | विविध | | ३ |
| ६. | ०९।०७७-०७८ | कार्यालय सहयोगी | तहविहिन | | | २ |

गाई प्रवर्द्धन कार्यक्रम अन्तरगत चालु आ.व.मा विनियोजन भएको रू २१,३३,००० तर्फबाट  मिति ०७७/९/१
र ०७७/९/१६  मा प्रकाशित  सूचना अनुसार  श्रृजनशिल उन्नत गाई नश्ल केन्द्र बर्दघाट १३ बाट यस
सम्बन्धी प्रस्ताव सहितको कार्ययोजना पेश भएकोमा उक्त प्रस्ताव तथा कार्ययोजना स्वीकृत गरी यस कार्यक्रम
कार्यान्वयन सम्बन्धी अग्रीम कारवाही अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ६.३:  यस नगरपालिकाको वडा नं १५ लाई मिति ०७७/९/२९ गते पूर्ण संस्थागत सुत्केरी वडा
घोषणा गर्ने र अन्य वडालाई पनि प्रक्रियागत रूपमा घोषण गर्दै लैजाने साथै वडा नं ४ मा रहेको शहरी
स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा परिणत गर्ने र अन्य वडाहरूमा पनि आधारभूत स्वास्थ्य केन्द्रहरू
प्रक्रियागत रूपमा स्थापना गर्दै जाने निर्णय गरियो ।

नि.नं ६.४:

चालु आ.व.मा सञ्चालनमा रहेको ठेक्का नं ३५/०७५/०७६ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं
१६, ठेक्का नं २४/०७६/०७७ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं १०, ठेक्का नं
२५/०७६/०७७ को आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं १२,  २१/०७६/०७७ को धुवटोल
अल्हावलको पानी टँकी देखी मौराहाटाँडि विद्यालय पूर्व हुँदै भगजोगनी सडक कालोपत्रे कार्यसंग सम्बन्धित
निर्माण कम्पनीहरू तथा नगर यातायात गूरूयोजना निर्माण र डिजिटल नगर प्रोफाइल तयारीका लागि सम्झौता
गरेका संघ संस्थाहरूले कार्य सम्पन्न गर्ने अवधि २०७७ पौष मसान्त सम्म रहेकोमा  कोभिड १९ को कारण
समयमा कार्य सम्पन्न गर्न नसकेकोले म्याद थपको लागि निवेदन दिएकोले उपरोक्त कम्पनीहरू तथा संस्थाहरूले
कार्य सम्पन्न गर्ने अवधि ०७७ चैत्र मसान्त सम्म रहने गरी म्याद थप गर्ने निर्णय गरियो ।

नि.नं ६.५:

प्रदेश समपुरक तर्फको चालु आ.व.मा सञ्चालित ठेक्का नं ठेक्का नं ८/०७७/०७८ को लण्डन ब्रिज देखी
अलावल गांउ जाने वाटो स्तरिकरण एवं सूर्यपुरा गांउ सम्म वाटो कालोपत्रे वडा नं १० र ८ को योजना
कार्यान्वयनको लागि रू ५०,००,०००।०० विनियोजन भएको र योजना कार्यान्वयन गर्न छनौट भएको कम्पनी
श्री  शिवशक्ति रियल स्टेड एण्ड शौरभ कन्स्ट्रक्सन संग रू ३०,०१,८३०।३१ मा उक्त कार्य सम्पन्न गर्ने गरी
सम्झौता भएकोमा सम्झौता रकमको ४.७० प्रतिशत ले हुने रकम रू १,४१,३४२।६६ वरावरको थप कार्य गर्दा
उक्त सडक खण्ड सवै कालोपत्रे हुने देखिएको व्यहोराको प्राविधिक प्रतिवेदन पेश हुन आएकोले उक्त थप
कार्यको  भेरिएसन आदेश स्वीकृत गरी सम्बन्धित निर्माण व्यावसायीबाट थप कार्य गराउने  निर्णय गरियो ।

निर्णय नः ६.६

यस नगरपालिका वडा नं १२ चौपत्तामा निर्माणाधिन अवस्थामा रहेको श्री रामजानकी दिब्य धाम परिसर भित्र
भू.पू. सैनिक सभाहल लगायतका अन्य संरचना निर्माण गर्न भारतीय दुतावास संग आवश्यक बजेट सहयोग
मागको लागि सम्बन्धित संस्था तथा वडा कार्यालयबाट निवेदन पेश भएकोले उक्त आयोजना स्वीकृत भएमा यस
नगरपालिकाको समेत २० प्रतिशत लागत साझेदारीमा उक्त संरचना निर्माण गर्न आवश्यक बजेट मागको
निर्णयको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा परराष्ट्र मन्त्रालयमा सिफारिस गर्ने निर्णय
गरियो ।